# लोक सेवा आयोग

नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको

आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

समय :- ३ घण्टा

2075।11।2

पूर्णाङ्क :- १००

पत्र :- द्वितीय

विषय :- सेवा सम्बन्धी

**तलका प्रश्नहरुको उत्तर वेग्लावेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।**

१. लेखापालन (Accounting) लेखापरीक्षण (Auditing) तथा अनुसन्धान (Investigation) को अवधारणा (concept) स्पष्ट गर्दै नेपालको सरकारी क्षेत्रको वित्तीय प्रशासनमा यी कार्यहरु कुन कुन निकायबाट कसरी सम्पादन भइरहेको छ र सुधार कहाँ कहाँ गर्नुपर्ने हुन्छ ? समीक्षात्मक टिप्पणी गर्नुहोस्। (८+७)= १५

२. सरकारी बजेट तर्जुमा र नियन्त्रणमा लेखा तथा लेखापरीक्षणको भूमिकाको चर्चा गर्दै थप सुदृढ गर्नुपर्ने क्षेत्रका वारेमा विश्लेषण गर्नुहोस्। (७+८)= १५

३. कार्यमूलक लेखापरीक्षणको अवधारणा र प्रक्रियावारे स्पष्ट गरी यस क्षेत्रमा थालिएका नयाँ आयामवारे चर्चा गर्नुहोस्। (१०+५)= १५

४. सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) को विधान (Statutes) अनुसार यस संस्थाको संगठन भित्र पर्ने अंगहरु (Organs) कुन कुन हुन उल्लेख गर्दै यसको कंग्रेस (Congress) को प्रमुख कामहरुको वर्णन गर्नुहोस्। १५

५. भारतको सर्वोच्च लेखापरीक्षण संस्था र नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको कानूनी आधार (Mandate), कार्यक्षेत्र (Scope of work) तथा प्रतिवेदन प्रणाली (reporting system) वारे तुलनात्मक विश्लेषण गर्दै लेखापरीक्षणको क्षेत्रमा नेपालको महालेखा परीक्षक कार्यालयले के कस्तो योजना तयार पार्नु पर्ला ? उल्लेख गर्नुहोस्। (१०+५)= १५

६. "स्थानीय तहतर्फ २०७४ आषाढ मसान्तसम्ममा रु.१ खर्व ८० अर्व ३१ करोडको लेखापरीक्षणबाट रु. १४ अर्व २५ करोड (७.९० प्रतिशत) बेरुजु देखिएको छ।" अन्य सरकारी निकायको बेरुजु प्रतिशत ५.४१ रहेकोमा स्थानीय तहको भण्डै ८ प्रतिशत बेरुजु कायम रहेको छ। यसले स्थानीय तहहरुको वित्तीय प्रशासनमा आर्थिक अनुशासन कायम राख्ने गराई स्रोत साधनको अत्युत्तम प्रयोग चुनौति पूर्ण रहेको देखाउँछ। स्थानीय तहका कारोवारलाई व्यवस्थित रुपमा सन्चालन गर्नका लागि विभिन्न नीतिगत कानूनी र प्रकृयागत व्यवस्था ~~गरिएतापनि~~ गरिएता पनि अपेक्षित उपलब्धी हासिल गर्न नसकेको चर्चा हुने गरेको छ।

उल्लिखित पृष्ठभूमिको आधारमा समस्याको पहिचान गर्दै निम्नलिखित ढाँचामा जवाफ तयार गर्नुहोस्। (६+७+७+५)= २५

(क) प्रमुख समस्याको पहिचान

(ख) समस्या समाधानार्थ मौजूदा नीति तथा कार्यक्रम

(ग) समस्या निराकरणको लागि ठोस सुझाव

(घ) सुझाव कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना

*समाप्त*